# लमही राजपत्र

## लमही नगरपालिकाद्वारा प्रकाशित

खण्ड : ६)     लमही, दाङ,  (संख्या :          मिति :


### भाग-

# लमही नगरपालिका

## लमही अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्वन्धी कार्यविधि २०८२

लमही अस्पतालबाट प्रवाह हुने सेवाहरुमा कर्मचारीको अहम भूमिका रहने हुँदा उक्त सेवा प्रवाहलाई छिटो छरितो रुपमा संचालन गर्न र लमही अस्पतालमा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहित गरी उनीहरुको मनोबल उच्च राखी सेवा प्रवाह गर्नका लागि थप सेवा सुविधाहरु दिनुपर्ने भएकोले सो को लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीयय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम लमही नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद — १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

१.१: यस कार्यविधिको नाम "लमही अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्वन्धी कार्यविधि,२०८२" रहेको छ ।

१.२: यो कार्यविधि कार्यपालिकाबाट स्विकृत भई लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क: " नगरपालिका " भन्नाले लमही नगरपालिकालाई सम्झनुपर्दछ ।

ख:" नगर कार्यपालिका " भन्नाले लमही नगर कार्यपालिकालाई सम्झनुपर्दछ ।

ग:" व्यवस्थापन समिति " भन्नाले लमही अस्पताल संचालन तथा व्यवस्थापन समिति सम्झनुपर्दछ ।

घ:" अध्यक्ष " भन्नाले लमही अस्पताल संचालन तथा व्यवस्थापन समितिको अध्यक्षलाई सम्झनुपर्दछ ।

ङ:" उपाध्यक्ष " भन्नाले लमही अस्पताल संचालन तथा व्यवस्थापन समितिको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

च:" सदस्य " भन्नाले लमही अस्पताल संचालन तथा व्यवस्थापन समितिको सदस्यलाई सम्झनुपर्दछ ।

छ: "कार्यालय प्रमुख" भन्नाले अस्पतालको प्रशासनिक एवं ब्यवस्थापकीय कार्य सञ्चालनका लागि तोकिएको लमही अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट वा लमही नगरपालिकाबाट तोकिएको कर्मचारीलाई सम्झनुपर्दछ ।

ज: "आन्तरिक आयको बचत रकम" भन्नाले लमही अस्पतालको आन्तरिक आयबाट औषधि, उपकरण तथा औषधिजन्य सामग्रीको खर्च, कार्यालय सञ्चालन खर्च, सरसफाइ खर्च, पानी बिजुली आदिको खर्च, अस्पताल सञ्चालन तथा ब्यवस्थापन समितिको बैठक तथा खाजा खर्च, आन्तरिक श्रोतबाट पाउने पारिश्रमिक / तलव भत्ता, महंगी भत्ता, दशैं खर्च र पोशाक भत्ताको भुक्तानि गरी बाँकि हुन आउने रकमलाई सम्झनुपर्दछ।

## परिच्छेद — २

## सेवा सुविधा

३. लमही अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य कर्मचारीहरुलाई अनुसूची — १ बमोजिमको सेवा सुविधा उपलब्ध गराइनेछ । यस्तो सेवा सुविधा उपलब्ध गराउँदा लमही अस्पताल विकास समितिको सोही आर्थिक बर्षको जम्मा आम्दानीबाट सोहि आर्थिक बर्षको जम्मा खर्च घटाई हुन आउने आन्तरिक आयको बचत रकमबाट २० प्रतिशत अस्पतालको आफ्नो कोषमा जम्मा गरी बाँकि हुन आउने जम्मा रकमबाट उपलब्ध गराइने छ । आन्तरिक आय बचत हुन नआएमा तल उल्लेखित विविध दफा / उपदफाहरु बमोजिमको यो आर्थिक दायित्व अर्को बर्षका लागि सिर्जना हुनेछैन ।सेवा सुविधाका लागि देहाय बमोजिमका शर्तहरु पुरा भएको हुनुपर्नेछ ।

३.१: भिडियो एक्स रे भत्ताः

भिडियो एक्स रे भत्ताको लागि भिडियो एक्स रे गराउने सेवाग्राहीको ओ.पि.डि. / इमर्जेन्सी नम्वर, नाम, उमेर ,भिडियो एक्स रे गरेको मिति, भिडियो एक्स रेको विवरण, भुक्तानि विल नं., भुक्तानि रकम, भिडियो एक्स रे गर्ने चिकित्सकको नाम आदिको विवरण हुनुपर्नेछ र त्यसैको आधारमा सम्बन्धित कार्यालयबाट भुक्तानि भर्पाइका साथमा भुक्तानिको लागि सिफारिस गरेको हुनुपर्नेछ ।

३.२: पोष्टमार्टम अतिरिक्त सेवा भत्ताः

नगरपालिकाभित्रको आधारभूत अस्पतालले दिने सेवाहरुमध्ये पोष्टमार्टम सेवा एउटा थप अतिरिक्त सेवा भएको साथै पोष्टमार्टममा खटिने कर्मचारीलाई पोष्टमार्टम जस्तो अति सम्वेदनशील अतिरिक्त सेवा कार्य गर्नका लागि थप प्रोत्साहन मिलोस् र पोष्टमार्टम कार्य सहजताका साथ सम्पन्न होस् भन्ने अभिप्रायले संघीय सरकारले पोष्टमार्टम गरेवापत उपलब्ध गराउने भत्ताका अतिरिक्त पोष्टमार्टम गरेको आधारमा प्रति पोष्टमार्टम केश रु. १०००।-का दरले पोष्टमार्टम अतिरिक्त सेवा भत्ता रकम लमही अस्पतालको आन्तरिक श्रोतबाट उपलब्ध गराइनेछ । उक्त भत्ता प्राप्त गर्नका लागि पोष्टमार्टम गरिएका ब्यक्तिहरुको नामावलीको प्रतिलिपि ,पोष्टमार्टम

गरिएको मिति र संलग्न कर्मचारीहरुको विवरण, यसका आधारमा कम्पाइल गरेको कागजात आदि हुनुपर्नेछ र यी सबै कागजातका आधारमा सम्बन्धित कार्यालयबाट भुक्तानिका लागि गरिएको सिफारिसका आधारमा भुक्तानि प्रक्रिया अघि बढाइनेछ ।

३.३: रात्रीकालिन खाजा खर्चः
३.३.१: रात्रिकालिन सेवा गरेवापत स्थायी नर्सिङ्ग कर्मचारीलाई संघीय सरकारबाट प्राप्त बजेटबाट र संघबाट रात्रीकालिन खाजा खर्च नपाउने लमही अस्पतालमा कार्यरत कर्मचारीलाई अस्पतालको आन्तरिक श्रोतबाट रात्रीकालिन खाजा खर्च उपलब्ध गराइनेछ ।

३.३.२: रात्रीकालिन खाजा खर्चका लागि संघीय सरकारबाट प्राप्त रकम अपुग भएमा स्थायी नर्सिङ्ग कर्मचारीहरुलाई पनि अस्पतालको आन्तरिक श्रोतबाट रात्रीकालिन खाजा खर्च रकम उपलब्ध गराउन कुनै वाधा पर्नेछैन ।

३.३.३:रात्रीकालिन खाजा खर्च भुक्तानिका लागि इ — हाजिरी र ड्युटि रोस्टर दुबैका आधारमा रात्रीकालिन सेवा गरेको प्रमाणित कागजात हुनुपर्नेछ ।

३.४: सट्टा विदा / अतिरिक्त सेवा विदा वापतको भत्ताः
३.४.१: सार्वजनिक बिदाका दिनमा काम गरेवापत ती कर्मचारीले त्यस बराबरको सट्टा विदा पाउनेछन् र यस्तो बिदा ३ महिनाभित्रमा आलोपालो मिलाई लिईसक्नुपर्नेछ । कुनै कारणबश बिदा लिन नपाएमा बिदा लिन नसकेको जति अवधिको तलब बराबरको रकम भुक्तानि गरिनेछ ।
३.४.२: हफ्तामा ४० घण्टाभन्दा बढि काम गरेवापत ती कर्मचारीले अतिरिक्त सेवा बिदा पाउनेछन् र यस्तो बिदा ३ महिनाभित्र आलोपालो मिलाई लिईसक्नुपर्नेछ । कुनै कारणबश बिदा लिन नपाएमा बिदा लिन नपाएको अवधिको तलव बराबरको अतिरिक्त सेवा विदा वापतको भत्ता उपलब्ध गराइनेछ ।
३.४.३ सट्टा बिदा र अतिरिक्त सेवा विदाको विवरण ड्युटि रोस्टर र इ — हाजिरीको आधारमा दुबैमा उपस्थिति देखिएमा मात्र गणना गरिनेछ ।
३.४.४: सट्टा विदा र अतिरिक्त सेवा विदाको अभिलेख सम्बन्धित वार्ड इन्चार्जले हरेक तीन — तीन महिनामा तयार गरी कार्यालय प्रमुखलाई बुझाउनुपर्नेछ र कार्यालय प्रमुखले अद्यावधिक गरी प्रमाणित गर्नुपर्नेछ ।
३.४.५: सेवा अवधिमा सट्टा विदा र अतिरिक्त सेवा विदा बाहेक अरु विदा लिई यी बिदाहरु सञ्चित गरेको पाइएमा सो बिदा लिएको अवधि सञ्चित अतिरिक्त सेवा विदा र सट्टा विदाबाट कट्टा गरिनेछ ।

३.५: अनकल सेवा भत्ताः
३.५.१: नियमित ड्युटिको समय बाहेक अतिरिक्त समयमा इमर्जेन्सी वार्डमा वा विरामी भर्ना गरेर राखेको वार्डमा ड्युटी रोष्टरका आधारमा तोकिएको सेवा क्षेत्रमा सेवा प्रदान गर्ने चिकित्सक र चिकित्सकलाई सहयोग गर्न खटिने वा आफै सेवामा खटिने स्वास्थ्यकर्मीलाई अनकल ड्युटीमा खटिएको दिनका आधारमा प्रति दिनका दरले अनकल सेवा भत्ता उपलब्ध गराइनेछ ।
३.५.२:अनकल सेवामा खटिएको दिन इ — हाजिरी र ड्युटि रोस्टर दुबैमा उपस्थिति भएको हुनुपर्नेछ ।
३.५.३:सार्वजनिक बिदाका दिन चिकित्सकले अनकल सेवा गरेमा त्यस दिनलाई एक दिनको सट्टा विदामा गणना गरीनेछ ।सट्टा बिदामा गणना गरेको दिनको अनकल सेवा भत्ता उपलब्ध गराइनेछैन ।

३.५.४: अनकल सेवा प्रदान गरेको अवधिलाई अतिरिक्त सेवा अवधिमा गणना गरिनेछैन ।
३.५.५: भिडियो एक्स रे सेवा, प्रयोगशाला सेवा र अपरेशन सेवा प्रदान गरेको आधारमा चिकित्सक वा स्वास्थ्यकर्मीलाई अनकल सेवा भत्ता उपलब्ध गराइनेछैन ।

३.६: सञ्चार तथा ब्यवस्थापन खर्च:
कार्यालयको काम कार्वाहि सञ्चालन गर्न, कर्मचारीहरु विच समन्वय स्थापना गर्न, समयमै सूचना सम्प्रेषण गर्न साथै विभिन्न संघ संस्था एवं कार्यालयसँग सहकार्य एवं समन्वय स्थापना गर्नकालागि कार्यालय प्रमुखलाई मासिकरुपमा सञ्चार तथा ब्यवस्थापन खर्च उपलब्ध गराइनेछ ।

३.७: डट्स हाजार्ड भत्ता:
३.७.१: क्षयरोगका विरामीहरुको दर्ता गर्ने र उनीहरुलाई आफ्नो प्रत्यक्ष निगरानीमा दैनिक औषधि सेवन गराउने कक्ष डट्स सेन्टरमा काम गर्ने स्वास्थ्यकर्मीलाई उसको शुरुको तलवमानको ५ प्रतिशतका दरले हुन आउने रकम मासिकरुपमा डट्स हाजार्ड भत्ताको रुपमा उपलब्ध गराइनेछ । भुक्तानिका लागि संस्थामा नियमितरुपमा उपस्थित भएको इ — हाजिरीको प्रतिलिपि र डट्स सेन्टरबाट नियमितरुपमा सेवा प्रवाह भएको कार्यालयको प्रमाणित पत्र अनिवार्यरुपमा पेश गरेको हुनुपर्नेछ ।
३.७.२: डट्स हाजार्ड भत्ता भुक्तानिका लागि महिनामा कम्तिमा २० दिन डट्स युनिटमा काम गरेको हुनुपर्नेछ ।
३.७.३: डट्स युनिटमा एक दिनमा एकजना स्वास्थ्यकर्मी मात्र खटिनुपर्नेछ ।
३.७.४: डट्स युनिटमा सार्वजिनक बिदाका दिनमा काम गरेवापत सट्टा बिदा र अतिरिक्त सेवा बिदा उपलब्ध हुनेछैन ।

३.८: ल्याव हाजार्ड भत्ता:
३.८.१: २५ प्रतिशत ल्याव हाजार्ड भत्ता पाउने स्थायी प्रयोगशालाकर्मी बाहेकका प्रयोगशालामा काम गर्ने तर २५ प्रतिशत हाजार्ड भत्ता नपाउने करार तथा अन्य प्रयोगशालाकर्मीलाई निजको शुरुको तलबमानको १० प्रतिशतका दरले हुन आउने रकम ल्याव हाजार्ड भत्ता स्वरुप भुक्तानि गरिनेछ । महिनामा १० दिन वा सोभन्दा बढि अवधिसम्म बिदामा वा काजमा बस्ने प्रयोगशालाकर्मीलाई ल्याव हाजार्ड भत्ता उपलब्ध गराइनेछैन ।
३.८.२: ड्युटिमा खटिने प्रयोगशालाकर्मीको इ — हाजिरी अनुसारको ड्युटि रोष्टर भएको हुनुपर्नेछ ।

३.९: इमर्जेन्सी प्रोसिडर भत्ता:
३.९.१: सुचरिङ्ग, ड्रेसिङ्ग, कर्न रिमुभ, इनबेडिङ्ग नेल रिमुभ आदि माइनर इमर्जेन्सी प्रोसिडर गरेवापत त्यस कार्यबाट प्राप्त हुने जम्मा रकमको १० प्रतिशत रकम इमर्जेन्सी प्रोसिडर भत्ता स्वरुप छुट्याई इमर्जेन्सी प्रोसिडर कार्यमा खटिने कर्मचारीलाई दामासाहीले वितरण गरिनेछ ।
३.९.२: इमर्जेन्सी प्रोसिडर गरेका हरेक ब्यक्तिको दैनिक विवरण, प्रोसिडरको विवरण, प्रोसिडर वापत तिरेको शुल्क रकम (विल नं सहित) रजिष्टरमा अद्यावधिक हुनुपर्नेछ ।

३.९.३: ड्युटिमा खटिने कर्मचारीको ड्युटि रोष्टर अनुसारको इ — हाजिरी भएको हुनुपर्नेछ ।

३.९.४: इमर्जेन्सी प्रोसिडरमा खटिने कर्मचारीले हरेक तीन तीन महिनामा सम्पूर्ण कागजातका साथ विवरण अद्यावधिक गरी कार्यालय प्रमुखसमक्ष पेश गर्नुपर्नेछ ।

३.१०: चिकित्सक प्रोत्साहन भत्ताः लमही अस्पतालमा दरवन्दीमा रहेका स्थायी चिकित्सक वा दरबन्दी करारमा रहेका चिकित्सकलाई निरन्तर सेवामा रहिरहन प्रोत्साहन मिलोस भन्ने अभिप्रायले तोकेको प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

३.११.: एनेस्थेसिया प्रोत्साहन भत्ताः

३.११.१: लमही अस्पतालमा दरवन्दीमा रहेका र दरवन्दी करार सेवामा रहेका एनेस्थेसिया सहायक कर्मचारीलाई निरन्तर सेवामा रहिरहन प्रोत्साहन मिलोस् भन्ने अभिप्रायले तोकिएक प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

३.११.२: एनेस्थेसिया प्रोत्साहन भत्ता पाउने कर्मचारीलाई अतिरिक्त सेवा बिदा र सट्टा विदा उपलब्ध गराइनेछैन ।

३.११.३: महिनामा १० दिन वा सो भन्दा बढि विदामा वा काजमा बस्ने एनेस्थेसिया सहायकलाई एनेस्थेसिया प्रोत्साहन भत्ता उपलब्ध गराइनेछैन ।

४. संघीय सरकारबाट तलव भत्ता खाने कर्मचारीहरुलाई नियमानुसार उपलब्ध गराउन सकिने भत्ता सोही वजेट बाट तथा अन्य भत्ता र अस्थायी / करार / ज्यालादारी कर्मचारीहरुलाई उपलब्ध गराउने भत्ता लमही अस्पताल आन्तरिक श्रोतबाट उपलब्ध गराइनेछ ।

५. गरिव, असहाय, दलित, ज्यष्ठ नागरिक, दीर्घरोगी जस्ता राज्यले वा स्थानीय तहले निःशुल्करुपमा सेवा उपलब्ध गराएका लक्षित बर्गलाई दिइएको सेवाको कुनै भत्ता उपलब्ध गराइनेछैन ।

६. कुनै कर्मचारीले कार्यालयको नियमित जिम्मेवारीको अतिरिक्त थप जिम्मेवारी बहन गरेमा त्यस्ता कर्मचारीलाई कार्यालय प्रमुखको सिफारिसमा अस्पताल व्यवस्थापन सिमितिले थप सुविधा दिने सम्बन्धमा आबश्यक निर्णय गरी लमही नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा स्वीकृतका लागि सिफारिस गरी पठाउनुपर्नेछ।

७. रेडियोग्राफर अनकल सेवा भत्ताः रेडियोग्राफर अनकल सेवा भत्ता राती ७:०० बजेदेखि विहान ७:०० बजेसम्म एक्स रे गरेका जम्मा एक्स रे पिसका आधारमा प्रति पिस रु. १००।- का दरले उपलब्ध गराइनेछ । यसका लागि रातको समयमा एक्स रे गरेको विवरण खुल्नेगरी एक्स रे गरेका विरामीहरुको विवरण, मिति, समय, विल नं. आदिको विवरण सहित भुक्तानि भर्पाइ सम्बन्धित कार्यालयबाट प्रमाणित गरेको हुनुपर्नेछ । रेडियोग्राफर अनकल भत्ता पाउने ब्यक्तिलाई रात्रीकालिन खाजा खर्च उपलब्ध गराइनेछैन साथै अनकल अवधिको सेवालाई अतिरिक्त सेवा वा सार्वजनिक विदाका दिनमा सेवा गरेको रुपमा गणना गरिनेछैन साथै अनकल सेवा भत्ता पनि उपलब्ध गराइनेछैन ।

८. सामान्य अपरेशन (Minor OT): सामान्य अपरेशनबाट प्राप्तहुने कुल संकलित रकमको ७० प्रतिशत संस्थालाई र ३० प्रतिशत सम्वन्धित चिकित्सक, स्वास्थकर्मी र कर्मचारीलाई उपलब्ध गराइनेछ । सो ३० प्रतिशत रकमलाई १०० प्रतिशत मानी देहाय बमोजिमको वितरण गरिनेछ ।

- चिकित्सक — ५० प्रतिशत
- एनेस्थेसिया —२० प्रतिशत
- नर्सिङ्ग—२० प्रतिशत
- कार्यालय सहयोगी —१० प्रतिशत

९. जटिल अपरेशन (Major Operation) : जटिल अपरेशनबाट प्राप्त हुने कुल संकलित रकमको ७० प्रतिशत संस्थालाई र ३० प्रतिशत सम्वन्धित चिकित्सक, स्वास्थकर्मी र कर्मचारीलाई उपलब्ध गराइनेछ । सो ३० प्रतिशत रकमलाई १०० प्रतिशत मानी देहाय बमोजिमको वितरण गरिनेछ ।

- चिकित्सक — ५० प्रतिशत
- नरसिङ्ग स्टाफ —२५ प्रतिशत
- एनेस्थेसिया —१५ प्रतिशत
- सर्कुलेटिङ्ग नर्स —५ प्रतिशत
- कार्यालय सहयोगी —५ प्रतिशत

१०. आमा सुरक्षा कार्यक्रम अन्तर्गत संस्थामा सुत्केरी सेवा प्रदान गरेवापत सेवा प्रदायकले पाउने प्रति केश रु.३००।- लाई १०० प्रतिशत मानी सम्बन्धित स्वास्थ्यकर्मी र कर्मचारीलाई देहाय बमोजिमको रकम उपलब्ध गराइनेछ ।

- प्रसुति सेवामा संलग्न स्वास्थ्यकर्मी —७० प्रतिशत
- नरसिङ इन्चार्ज —१० प्रतिशत
- कार्यालय प्रमुख — ५ प्रतिशत
- लेखा / प्रशासन — ५प्रतिशत
- कार्यालय सहयोगी —१०प्रतिशत

११. आमा सुरक्षा कार्यक्रम अन्तर्गत शल्याक्रिया प्रसुती सेवा वापत संस्थामा प्राप्त हुने रकमको ७० प्रतिशत स्वास्थ संस्थालाइ र बाँकी ३० प्रतिशतलाई १०० प्रतिशत मानी सम्वन्धित चिकित्सक, स्वास्थकर्मी र कर्मचारीलाई देहाय बमोजिमको रकम उपलब्ध गराइनेछ ।

- अपरेसनमा संलग्न चिकित्सक—४० प्रतिशत
- स्क्रव नर्स —२० प्रतिशत
- एनेस्थेसिया —१५ प्रतिशत
- नरसिङ इन्चार्ज —५ प्रतिशत
- सर्कुलेटिङ नर्स — १० प्रतिशत
- लेखा / प्रशासन — ५ प्रतिशत
- कार्यालय सहयोगी —५ प्रतिशत

१२. आमा सुरक्षा कार्यक्रम अन्तर्गत जटिल प्रसुती सेवा वापत प्राप्त हुने रकमको ७० प्रतिशत स्वास्थ संस्थालाइ र बाँकी ३० प्रतिशतलाई १०० प्रतिशत मानी सम्वन्धित चिकित्सक, स्वास्थकर्मी र कर्मचारीलाई देहाय बमोजिमको रकम उपलब्ध गराइनेछ ।

- चिकित्सक—४० प्रतिशत
- स्टाफ नर्स—२५ प्रतिशत
- नर्सिङ इन्चार्ज —२० प्रतिशत
- कार्यालय सहयोगी —१५ प्रतिशत

## परिच्छेद — ३

## विविध

१३. लमही अस्पतालको आन्तरिक आयको बचत रकमको २० प्रतिशत लमही अस्पतालको कोषमा जम्मा गरी बाँकि हुन आउने रकमलाई १०० प्रतिशत मानी सो रकमबाट तपसिल बमोजिमको सेवा सुविधाका लागि तोकिएको देहाय बमोजिमको प्रतिशतका आधारमा हुन आउने रकमबाट षिगषउसभुक्तानि गरिनेछ ।

| | | |
|---|---|---|
| भिडियो एक्स - रे भत्ता | ------- | १६% |
| पोष्टमार्टम अतिरिक्त सेवा भत्ता | ------- | ४% |
| रात्रीकालिन खाजा खर्च | ------- | १७% |
| अतिरिक्त / सट्टा विदा | ------- | १९% |
| अनकल सेवा भत्ता | ------- | १३% |
| सञ्चार तथा ब्यवस्थापन खर्च | ------- | १% |
| डट्स हाजार्ड भत्ता | ------- | १.५% |
| ल्याव हाजार्ड भत्ता | ------- | ३.५% |
| इमर्जेन्सी प्रोसिड्युर भत्ता | ------- | १% |
| चिकित्सक प्रोत्साहन भत्ता | ------- | १२% |
| एनेस्थेसिया सहायक प्रोत्साहन भत्ता | ------- | ४% |

१४.आर्थिक बर्ष ०८१/०८२ मा लमही अस्पतालको आन्तरिक श्रोतबाट भुक्तानि हुन बाँकि प्रोत्साहन रकम लगायतका सेवा सुविधाहरु यसै कार्यविधिको दफा २(ज) र १३ बमोजिम भुक्तानि गरिनेछ ।

१५. बाधा अड्काउ फुकाउने अधिकार: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा प्रचलित कानुनको अधिनमा रही लमही नगर कार्यपालिकाले उक्त बाधा अड्काउ फुकाउन सक्नेछ ।

१६. दायित्वः लमही अस्पताल विकास समितिको आन्तरिक आय र वचत बृद्धि गर्ने गराउने कर्तब्य/दायित्व सेवामा संलग्न चिकित्सक, स्वास्थ्यकर्मी, सहायक तथा सहयोगी कर्मचारी सबैको हुनेछ ।

१७. नेतृत्व, संरक्षण र सुरक्षाः सेवामा संलग्न चिकित्सक, स्वास्थ्यकर्मी, सहायक तथा सहयोगी कर्मचारीहरुको मनोवल उच्च बनाई काममा उत्प्रेरित गरी पेशाप्रति समर्पित बनाइराख्ने वातावरण निर्माणकालागि अस्पतालमा हुनसक्ने अवाञ्छित कृयाकलाप र घटनाहरु नियमन गरी सेवामा संलग्न जनशक्तिको संरक्षण गर्ने, सेवा प्रवाहको समयमा हुने स्वभाविक मानविय त्रुटीबाट हुन सक्ने सम्भावित प्रतिक्रियाको प्रतिरक्षा गरी निर्वाधरुपमा कार्य सञ्चालन गर्न सहज र नियमित गराउने दायित्व अस्पताल सञ्चालन तथा ब्यवस्थापन समितिले निर्वाह गर्नेछ ।

# अनुसूचि — १

| क्र.सं. | सेवा सुविधाको शिर्षक | दर | पाउने कर्मचारी | श्रोत |
|---|---|---|---|---|
| १ | भिडियो एक्सरे भत्ता | सम्बन्धित शाखाको कुल आम्दानीको ४० प्रतिशत | चिकित्सक - ६० %, सहायक कर्मचारी— २५%, का.स. — १५% | लमही अस्पताल आन्तरिक श्रोत |
| २ | पोष्टमार्टम अतिरिक्त सेवा भत्ता | रु.१०००।- प्रति केश | चिकित्सक -७५% कार्यालय सहयोगी -२५% | लमही अस्पताल आन्तरिक श्रोत |
| ३ | रात्रीकालिन खाजा खर्च | रु.१५०।-प्रति रात्रीकालिन | लमही अस्पतालमा कार्यरत कर्मचारी | संघीय सरकार सशर्त अनुदान / लमही अस्पताल आन्तरिक श्रोत |
| ४ | अतिरिक्त/सट्टा भत्ता | मासिक तलवका आधारमा घण्टा वा दिनका हिसावले हुन आउने रकम | हफ्तामा ४० घण्टाभन्दा अतिरिक्त सेवा गरेका वा सार्वजनकि विदाको दिनमा पनि लमही अस्पतालमा कार्यरत कर्मचारी । | संघीय सरकार सशर्त अनुदान / लमही अस्पताल आन्तरिक श्रोत |
| ५ | अनकल सेवा भत्ता | चिकित्सक अनकल सेवा भत्ता— रु. ५००।-सहयोगी कर्मचारी अनकल सेवा भत्ता — रु.२००।- | चिकित्सक/कर्मचारी | लमही अस्पताल आन्तरिक श्रोत |
| ६ | सञ्चार तथा ब्यवस्थापन खर्च | मासिक रु. २०००।- | कार्यालय प्रमुख | लमही अस्पताल आन्तरिक श्रोत |
| ७ | डट्स हजार्ड भत्ता | सुरु तलवमानको ५प्रतिशत | डट्स युनिटमा कार्यरत कर्मचारी | लमही अस्पताल आन्तरिक श्रोत |
| ८ | ल्याव हजार्ड भत्ता | सुरु तलवमानको १०प्रतिशत | ल्यावमा कार्यरत कर्मचारी | लमही अस्पताल आन्तरिक श्रोत |
| ९ | इमरजेन्सी प्रोसिडर भत्ता | कुल जम्मा भएको रकमको १० प्रतिशत | सम्वन्धित शाखामा कार्यरत कर्मचारीलाई दामासाहीले वितरण गर्ने | लमही अस्पताल आन्तरिक श्रोत |

| | | | | |
|---|---|---|---|---|
| १० | चिकित्सक प्रोत्साहन भत्ता | तलबको ५०% | नेपाल सरकारका स्थायी चिकित्सक वा दरवन्दी करारमा रहेका चिकित्सकलाई मात्र उपलब्ध गराउने | लमही अस्पताल आन्तरिक श्रोत |
| ११ | एनेस्थेसिया सहायक प्रोत्साहन भत्ता | एकजनामात्र एनेस्थेसिया सहायक भएमा शुरुको तलब स्केलको ५० %, दुईजना भएमा प्रत्यकलाई शुरुको तलब स्केलको २५ %, ३ वा ३ जना भन्दा बढि भएमा प्रोत्साहन भत्ता उपलब्ध गराउन नसकिने | स्थायी वा दरवन्दी करारमा रहेका एनेस्थेसिया सहायक कर्मचारीलाई मात्र उपलब्ध गराउने । | लमही अस्पताल आन्तरिक श्रोत |

**आज्ञाले,**

**गेहेन्द्र बहादुर डाँगी**

**प्रमुख प्रशासकीय अधिकृत**